# पनौती नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ८** **संख्या :२** **मिति : २०८१/०२/१४**

**भाग-२**

## पनौती नगरपालिकाको

## शैक्षिक गुणस्तर अभिबृद्धि, नमुना तथा प्राबिधिक विद्यालय विकास कार्यबिधि, २०८१

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसुचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहेको शिक्षा सम्वन्धी कार्यक्षेत्रलाई कार्यान्वयन गर्न पनौती नगरपालिकाको स्थानीय शिक्षा ऐन,२०७४ को दफा ६३ तथा पनौती नगरपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सामुदायिक विद्यालयहरुमा समान शैक्षिक पँहुच, नविनतम सूचना प्रविधिको अधिकतम प्रयोग, आधुनिक शिक्षण विधिको प्रयोग मार्फत शैक्षिक गुणस्तर वृद्धि गरि सुशासनका पक्षहरुलाई प्रभावकारी वनाई

विद्यालयको भौतिक, शैक्षिक तथा प्रशासनिक पक्षको विकास गर्दै सामुदायिक विद्यालयहरुलाई विद्यार्थी तथा अभिभावकको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि तथा पुर्वाधार विकासमा सहयोग गर्न शैक्षिक गुणस्तर अभिवृद्धि, नमुना तथा प्राविधिक विद्यालय विकास कार्यविधि, २०८१ जारी गरिएको छ ।

## परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम : शैक्षिक गुणस्तर अभिबृद्धि, नमुना तथा प्राबिधिक विद्यालय विकास कार्यबिधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि पनौती नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि पनौती नगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"ऐन"** भन्नाले संघीय शिक्षा ऐनलाई सम्झनु पर्छ । साथै स्थानीय शिक्षा ऐन भन्नाले पनौती नगरपालिकाको स्थानीय शिक्षा ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले पनौती नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले पनौती नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "**प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पनौती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "**नगर शिक्षा समिति**" भन्नाले पनौती नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ज) "**प्रधानाध्यापक**" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न तोकिएको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(झ) "**नियमावली"** भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनु पर्छ ।

(ञ) "**व्यवस्थापन समिति"** भन्नाले सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) **"विद्यालय"** भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ठ) **"शाखा"** भन्नाले नगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(ड) **"शैक्षिक गुणस्तर अभिवृद्धि** भन्नाले प्रविधिमैत्री कक्षा सञ्चालन, सिकाई उपलव्धी वृद्धि गर्न गरिने कार्य, शिक्षण सिकाईलाई वालमैत्री, गुणस्तरीय शिक्षण सुधार, गुणस्तर अभिवृद्धिका क्रियाकलाप, कक्षाकोठा, खानेपानी, खेलमैदान, भौतिक निर्माण, सिकाई सामग्री, खेलकुद, छात्रवृत्ति, प्राविधिक विद्यालय लगायतका विभिन्न क्रियाकलाप सञ्चालन गरी वालवालिकाको सिकाई क्षमता वृद्धि गरि नमुना युक्त विद्यालय तथा वालवालिकाको पहिचान युक्त क्षमता निर्माण गर्न गरिने क्रियाकलापहरु भन्ने वुभिन्छ ।"

(ढ) **"नमुना विद्यालय सहयोग / अनुदान"** भन्नाले नेपाल सरकारको राष्ट्रिय निती अनुरुप सञ्चालन भएका एक स्थानीय तह एक प्राविधिक विद्यालय **र एक स्थानीय तह एक नमुना विद्यालय**का रुपमा सञ्चालन भएका र नगरपालिकावाट कृषि, कम्प्युटर विज्ञान, इलेक्ट्रिसियन, इन्जिनियरिङ, वनविज्ञान जस्ता प्राविधिक धारतर्फ कक्षा ९-१२ सञ्चालन गर्न स्वीकृत प्राप्त विद्यालय तथा नगरपालिकाद्वारा नमुना विद्यालयको रुपमा छनौट गरिएका नमुना विद्यालयको पुर्वाधार निर्माण, शिक्षण सिकाइ अनुदान, प्रविधिमैत्री शिक्षण सिकाई, शिक्षक व्यवस्थापन, वालमैत्री सुचक पुरा गर्ने क्रियाकलापहरु सञ्चालन गर्न, विद्यालय शान्तिक्षेत्र कार्यान्वयन, वातावरणमैत्री विद्यालय विकास, अंग्रेजी माध्यमवाट कक्षा सञ्चालन, मातृभाषाका कक्षा सञ्चालन, धार्मिक विद्यालयहरुको वृद्धि विकासको लागि गरिने सहयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि गरिने थप क्रियाकलाप, पुस्तकालय, ल्याव व्यवस्थापन सूचना प्रविधि मैत्री विद्यालय निर्माण लगायतका कार्य गर्न नगरपालिका वाट दिइने सहयोग तथा अनुदानलाई वुभिन्छ ।

(ण) **"प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदान"** भन्नाले कक्षा ९-१२ मा प्राविधिक तथा व्यवसायिक विषय कृषि, इन्जिनियरिङ, कम्प्युटर, विज्ञान, इलेक्ट्रिसियन, वन जस्ता प्राविधिक धारको अध्यापन गराउने उद्देश्यले प्रक्रिया शुरु गरिएका वा सञ्चालन भै रहेका सामुदायिक माध्यमिक विद्यालयलाई दिइने भौतिक सुधार, ल्याव व्यवस्थापन, पुर्वाधार निर्माण, शिक्षक व्यवस्थापन, लाईब्रेरी, शैक्षणिक सामग्री व्यवस्थापन लगायतका कार्य गर्न नगरपालिकावाट दिइने अनुदान सहयोग लाई वुभिन्छ ।

(त) **"छात्रवृत्ति सहयोग" भन्नाले**

(अ) गरिव, जेहेन्दार उत्पिडित, दलित, सिमान्तकृत, अल्पसंख्यक विद्यार्थीलाई दिइने सहयोग ।

(आ) आर्थिक अवस्था कमजोर भएको कारण पढाइमा असहजता भई माध्यमिक तथा उच्च शिक्षा अध्ययनमा विद्यार्थीलाई उपलव्ध गराउने आर्थिक सहयोग तथा यस नगरपालिका भित्र वसोवास गर्ने आधारभुत तह,

माध्यमिक तह तथा क्याम्पसमा अध्ययन गर्ने वा अन्यत्र क्याम्पसमा अध्ययन गर्ने छात्रछात्रालाई उपलब्ध गराइने छात्रवृत्ति ।

(इ) ऐन कानुन वमोजिम सामुदायिक तथा संस्थागत विद्यालयवाट उपलब्ध गराइएको छात्रवृत्ति ।

(ई) संघीय सरकार, प्रदेश सरकारवाट प्राप्त हुने छात्रा, दलित, लोपोन्मुख, सिमान्तकृत, अपांग, विपन्न छात्रवृत्ति तथा आवासिय छात्रवृत्ति ।

(थ) **“सशर्त अनुदान”** भन्नाले विद्यालयहरुलाई दिइने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, बालविकासका सहजकर्ताहरुको तलब भत्ता, निःशुल्क पाठ्पुस्तक, विद्यालय व्यवस्थापन खर्च, विद्यालय सुधार योजना, सामाजिक परिक्षण, बुक कर्नर तथा छात्रबृत्ति, ICT LAB, Science Lab, विज्ञान प्रयोगशाला, विद्यालयको पुर्बाधार विकास लगायतका विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवाट तोकिएको शीर्षकमा प्राप्त हुने रकमलाई सम्झनुपर्छ । साथै नगरपालिका. बाट प्रधानाध्यापक प्रोत्साहन, बालिवकास सहयोगी कार्यकर्ता, निजी शिक्षक पोशाक जस्ता तोकिएको शीर्षकमा दिइने रकम समेतलाई जनाउछ ।

(द) “एकमुष्ट अनुदान” भन्नाले विद्यार्थी संख्या र विषयगत रुपमा हालसम्म कुनै पनि शिक्षक स्वीकृत दरवन्दी, राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने अनुदानलाई सम्झनुपर्छ । साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागि विद्यालयहरुलाई शैक्षिक गुणस्तर सुधारकालागि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अध्यावधिक विद्यालयसुधार योजनाको आधारमा आफैं प्राथामिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदान समेतलाई जनाउने छ ।

(ध) “कार्यसम्पादन अनुदान” भन्नाले विद्यालयले हासिल गरेको शैक्षिक उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न शैक्षिक गुणस्तर सुधार अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउनेछ ।

(न) “विज्ञान विषय सञ्चालन र विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने विद्यालयलाई अनुदान” भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदान सम्झनुपर्छ । साथै यसले माध्यमिक तथा आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्न नगरपालिकाबाट प्राप्त हुने अनुदानसमेतलाई जनाउनेछ ।

(प) “उच्च शिक्षा सञ्चालन अनुदान” भन्नाले यस नगरपालिका भित्र विश्वविद्यालय तहको शिक्षा प्रदान गर्न स्थापना भइ सञ्चालनमा रहेका क्याम्पसको पूर्वाधार विकास तथा क्याम्पस सञ्चालनका लागि प्रदान गरिने एकमुष्ट अनुदान, क्याम्पस तथा शैक्षिक संस्थाहरुले तयार गरेको शैक्षिक गुणस्तर अभिवृद्धिको

लागि तयार गरेको प्रस्तावनाको आधारमा प्रदान गरिने अनुदान, छात्रवृत्ति सहयोग जस्ता रकमलाई जनाउँछ ।

**३. लक्ष्यः**

पनौती नगरपालिकाबाट शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा गरिने लगानीलाई एकीकृत र व्यवस्थित गरी बढी उपयोगी, पारदर्शी बनाई नगरकोसमग्र शैक्षिक तथा खेलकुद विकासमा गुणात्मक सुधार गर्ने ।

**४. उद्देश्यः**

यस कार्याविधि वमोजिम सञ्चालन गरिने कार्यहरुको देहाय वमोजिमका उद्देश्य रहेका छन् :

(क) शिक्षा, युवा तथा खेलकुद क्षेत्रका विविध कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने र आवश्यकीय सहयोग वा सहकार्य गर्ने ।

(ख) विद्यालयको वृद्धि विकासका लागि योजना निर्माण, कार्यान्वय तथा उपलब्धिमा आधारित सहयोग उपलव्ध गराउने ।

(ग) प्राविधिक धारतर्फका सामुदायिक विद्यालय कक्षा (९-१२) खोल्न, पुर्वाधार विकास गर्न तथा आवश्यकीय गुणस्तर सुधारका योजनाहरु कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

(घ) नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरुको सुधार तथा गुणस्तर अभिवृद्धि योजना निर्माण गरी सहयोग उपलव्ध गराउने ।

(ङ) सिकाईस्तर, गुणस्तर अभिवृद्धि, भौतिक तथा अन्य उपलब्धिहरुको लेखाजोखा गरी पारदर्शी, जवाफदेही सुसासनयुक्त विद्यालयको लागि आवश्यक सहयोग उपलव्ध गराउने ।

(च) नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुलाई क्रमिक रुपमा नमुना विद्यालयको रुपमा विकास गर्ने ।

(छ) समन्वय, सहकार्य, आपसी समझदारी कायम गरी शैक्षिक गुणस्तर वृद्धि गराउने ।

(ज) शिक्षाको मुलधारमा आउन नसकेका बालबालिकाहरुलाई मुलधारमा ल्याउन कार्यक्रम सञ्चालन गर्ने ।

(झ) गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति मार्फत् सहयोग पुर्‍याउने ।

(ञ) सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार, प्रविधिमैत्री र गुणस्तरीय शिक्षण सिकाइको विकासमा सहयोग पुर्‍याउने ।

(ट) संस्थागत विद्यालयहरुको शैक्षिक वातावरण **सु-नियमन** पहल गर्ने ।

(ठ) सामाजिक उत्तरदायित्व वहनमा संस्थागत विद्यालयहरुलाई **अनिवार्य** गराउने ।

(ड) कार्यरत् शिक्षकहरुको लागि विषयगत तालिम तथा क्षमता विकासमा सहयोग गर्ने ।

(ढ) शिक्षणमैत्री वातावरणका लागि शिक्षक, अभिभावक सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ण) अनौपचारिक शिक्षा तथा तालिम कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने ।

(त) बालविकासका लागि प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा सहयोग गर्ने ।

(थ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता अभिवृद्धि कार्यक्रममा सहयोग गर्ने ।

(द) विद्यालयको शिक्षण सिकाईलाई आधुनिक,वैज्ञानिक, प्रविधि मैत्री, सीपयुक्त, जिवनोपयोगी शैक्षणिक वातावरण निर्माण गर्ने ।

(ध) आर्थिक रुपमा पछि परेका विपन्न, जेहेन्दार तथा अनुशासित विद्यार्थीलाई आवश्यकताको आधारमा माध्यमिक तथा क्याम्पस तह सम्मको छात्रवृत्ति उपलव्ध गराई शैक्षणिक क्षति न्यून गर्ने ।

(न) विद्यार्थी संख्या र कक्षाको अनुपातमा शिक्षक दरबन्दी कम रहेका विद्यालयहरुमा शिक्षक व्यवस्थापनमा सहयोग गर्ने ।

(प) विद्यार्थी, शिक्षक र अभिभावक समेतका लागि अध्ययन अवलोकन भ्रमण गराउने ।

(फ)सामुदायिक विद्यालयहरुलाई दिइने अनुदानहरुलाई व्यवस्थित गर्ने, प्रत्येक विद्यालयहरुलाई एस.आइ.पि. निर्माण गर्न लगाई योजनावद्ध पुर्वाधार तथा शैक्षिक विकास कार्यलाई जोड दिने ।

(ब) उपलव्ध स्रोत साधनलाई समुचित परिचालन गर्नको लागि वि.व्य.स, प्र.अ, सि.अ संघलाई जिम्मेवार वनाउने ।

(भ) विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शि वनाइ वित्तिय शुशासन कायम गराउने ।

## परिच्छेद -२

### ५. नमूना विद्यालय छनौटका आधारहरु :

पनौती नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई क्रमशः प्रत्येक वडामा १/१ वटा माध्यमिक विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा र माध्यमिक विद्यालयहरु नभएका वडाको हकमा सवैभन्दा ठूलो कक्षा सन्चालन भएको आधारभुत विद्यालयलाई नमूना विद्यालय बनाउने भन्ने अवधारणलाई कार्यान्वयन गर्न निम्न आधारहरु अवलम्लन गरिनेछ ।

(क) नमुना विद्यालय वनाउन छनौटका लागि आवेदन गर्न चाहने विद्यालयमा अनिवार्य रुपमा हुनुपर्ने न्यूनतम शर्तहरु :

(अ) नमूना विद्यालयका रुपमा छनौट हुनका लागि इच्छुक विद्यालयहरुले लिखित निवेदन दिनुपर्नेछ ।

(आ) छनौटका लागि आवेदन दिने विद्यालय सामुदायिक विद्यालय हुनुपर्नेछ ।

(इ) विद्यालयले सुधार गर्न चाहेको सुधार, गुणस्तर अभिवृद्धिका क्रियाकलाप, विद्यालयको वर्तमान सुचकमा आधारित अवस्था र कार्यक्रम सञ्चालन पछि हासिल हुने उपलब्धि सहितको प्रस्ताव पेश गर्नुपर्नेछ ।

(ई) विद्यालय व्यवस्थापन समितिको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस भएको हुनुपर्नेछ ।

(उ) आवेदन दिन चाहने विद्यालय व्यवस्थापन समिति कानुनले तोकेबमोजिम गठन भएको हुनुपर्नेछ ।

(ऊ) विद्यालय व्यवस्थापन समितिले बैठकबाट निर्णय गराइ आफ्नो विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न नगरपालिकाबाट समय समयमा प्राप्त हुने निर्देशन अनुरुप काम गर्न लिखित प्रतिवद्धता जाहेर भएको हुनु पर्नेछ ।

(ए) सम्बन्धित वडा कार्यालयबाट विद्यालयको विकास र सञ्चालनमा आवश्यक सहयोग गर्ने रायसहितको सिफारिस पत्र पेश हुनुपर्नेछ ।

(ऐ) विद्यालय विकास योजना तयार भएको हुनुपर्नेछ ।

(ख) छनौटका लागि अंकभार प्रदान गरिने आधारहरु देहाय वमोजिम हुनेछन् : दफा ५(क) मा उल्लेखित शर्तहरु मध्ये सबै शर्त पूरा गरेको विद्यालयहरु मध्येबाट कुल १०० पूर्णाङ्कलाई अनुसूची-१ मा उल्लेखित आधार तथा सूचक बमोजिम अंक भार विभाजन गरी ती सूचकहरुको मापनको आधारमा सबैभन्दा धेरै अंक प्राप्त गर्ने विद्यालयहरु मध्येबाट नमूना विद्यालय छनौट गरिनेछ। अनुसूचिमा उल्लेखित सूचाङ्कमा पेश भएको प्राप्ताङ्कलाई एकिन गर्न नगर शिक्षा शाखा प्रमुखको संयोजकत्वमा एक ३ सदस्यीय समिति गठन गरिनेछ । यसरी नमुना विद्यालयको रुपमा छनौट भएका विद्यालयहरुलाई एकमुष्ट अनुदानको रुपमा शिक्षक व्यवस्थापन, शैक्षिक गुणस्तर सुधार, वातावरण सुधार तथा भौतिक सहयोग अनुदान उपलव्ध गराइने छ ।

## परिच्छेद -३

### ६. नमूना विद्यालय छनौट सम्बन्धी प्रक्रिया

(क) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाद्वारा नमूना विद्यालय छनौट गर्ने प्रयोजनका लागि इच्छुक विद्यालयहरुलाई आवेदनका लागि सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(ख) बुँदा नं(क) बमोजिमको सूचना प्रकाशन भए पश्चात् प्रअ बैठक गरी शिक्षा युवा तथा खेलकुद शाखाले यस सम्बन्धमा आवश्यक जानकारी गराउन सक्नेछ ।

(ग) अनिवार्य रुपमा हुनुपर्ने न्यूनतम शर्तहरु पूरा भएका विद्यालयले तोकिएको समय सीमा भित्र नगरपालिकामा मापनका लागि चाहिने आवश्यक सम्पूर्ण कागजात सहित निवेदन पेश गर्नुपर्नेछ ।

(घ) शिक्षा युवा तथा खेलकुद शाखाले तोकिएको समयभित्र रीतपूर्वक पर्न आएको निवेदनहरुको शाखामा रहेको अभिलेख समेतका आधारमा अंक सहित प्रारम्भिक मुल्याङ्कन गर्नेछ ।

(ङ) प्रारम्भिक मुल्याङ्कनमा अंकभार प्रदान गरिएका सबै विद्यालयहरुको प्राप्ताङ्कको समष्टिगत तालिकासहित उच्चतम अंक प्राप्त गर्ने विद्यालयहरु नगर शिक्षा समितिमा पेश गर्नेछ ।

(च) प्रारम्भिक छनौट भएका विद्यालयहरुको आवश्यकता अनुसार नगर शिक्षा समितिका पदाधिकारी तथा सदस्यहरु र शिक्षा शाखा समेतको टोलीले स्थलगत अवलोकन सहित प्रारम्भिक मुल्याङ्कनको सत्यापन गर्नेछ । यसरी सत्यापन गर्दा सारभूत रुपमा विद्यालयहरुको अंक थपघट भै स्थानमानमा फरक पर्न गएमा सबै सूचिकृत विद्यालयको सत्यापन गर्नेछ । मापदण्डले तोकेको आधारमा अंकन गरी नमूना विद्यालय छनौटका लागि नगर शिक्षा समितिमा पेश गर्नेछ ।

(छ) विद्यालय छनौट सम्बन्धी कुनै उजुरी तथा गुनासो भए नगर शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(ज) सूचकको कार्यान्वयनमा कुनै द्विविधा पर्न गएमा नगर कार्यपालिकाले गरेको व्याख्या वा निर्देशन बमोजिम हुनेछ ।

## परिच्छेद -४

### ७. छात्रवृत्ति माग तथा वितरण सम्वन्धी प्रक्रिया :

(क) यस नगरपालिका अन्तर्गत सन्चालनमा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि संघीय सरकारवाट वित्तिय हस्तान्तरण भई प्राप्त हुने छात्रवृत्तिका लागि सम्वन्धित विद्यालयको खातामा रकम निकासा गरिनेछ ।

(ख) संस्थागत विद्यालयले प्रदान गर्नुपर्ने १० प्रतिशत छात्रवृत्तिको लागि शैक्षिक सत्र शुरुवात भएको १ महिना भित्र सम्वन्धित विद्यालयले नामावली तयार गरी नगर शिक्षा शाखामा पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएको नामावलीलाई नगरपालिकाको वेवसाइट र विद्यालयको सूचना पाटी मार्फत प्रकाशन गर्नुपर्नेछ । सो नामावली शिक्षा शाखाको प्रतिनिधि समेतको उपस्थितिमा सम्वन्धित विद्यालयको व्यवस्थापन समितको निर्णयवाट छनौट गर्नुपर्नेछ ।

(ग) यस नगरपालिका अन्तर्गत स्थायी वसोवास गरी अभिभावक गुमाएका, सामाजिक रुपमा विभेदमा परेका, आर्थिक रुपले कमजोर, जेहेन्दार, उपेक्षित वर्ग लगायतका वालवालिकाहरुले विद्यालय शिक्षा तथा उच्च शिक्षा अध्ययनको लागि कठिनाई भएको व्यहोरा सहित निवेदन पेश गर्नुपर्नेछ । उक्त निवेदनको आधारमा आर्थिक सहयोग, शिक्षण शुल्क लगायतको सहयोग उपलव्ध गराउन सकिनेछ। यसरी उपलव्ध गराइएको सहयोग नगर शिक्षा समितिको वैठकवाट अनुमोदन गर्नुपर्नेछ ।

(घ) विद्यालय शिक्षा तथा उच्च शिक्षा अध्ययनको लागि यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय, संस्थागत विद्यालय, क्याम्पसहरुमा अध्ययन गर्ने छात्रा, वुहारी, दलित तथा सिमान्तकृत, जेहेन्दार विद्यार्थीहरुको लागि सम्वन्धित विद्यालय तथा क्याम्पसहरुसंग निश्चित उद्देश्य सहित द्विपक्षीय सम्झौता गरी नगरपालिकावाट शैक्षिक सहयोग उपलव्ध गराउन सकिनेछ । यस किसिमको छात्रवृत्ति नगरपालिकाले सम्वन्धित विद्यार्थीलाई सिधै वा अध्ययनरत संस्था मार्फत उपलव्ध गराउनेछ ।

(ङ) नगरपालिकाको आन्तरिक स्रोतवाट छात्रवृत्ति उपलव्ध गराउने प्रयोजनका लागि नगरपालिकाले सूचना प्रकाशन गर्नेछ ।

(च) बुँदा नं.(ख) बमोजिम प्रदान गरिने छात्रवृत्ति छनौट प्रक्रिया गलत भएको महसुस भएमा सोको प्रमाणसहित सम्वन्धित विद्यार्थीले नगर शिक्षा शाखामा उजुरी गर्न सक्नेछ। यसरी उजुरी गरेमा यथासक्य छिटो निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद -५

### ८. नमुना विद्यालय सहयोग अनुदान, शैक्षिक गुणस्तर अभिवृद्धि सहयोग अनुदान एवं प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा सञ्चालन सहयोग अनुदान माग तथा वितरण सम्वन्धी प्रक्रिया :

**(क)** यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालय तथा सामुदायिक क्याम्पसहरुले सहयोग अनुदान माग गर्दा तपसिलको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ :

(अ) विस्तृत विवरण खुल्ने गरी प्रस्तावना तयार गर्ने ।

(आ) व्यवस्थापन समितिको निर्णय संलग्न गर्ने ।

(इ) एक शैक्षिक सत्र भित्र कार्य गर्ने प्रतिवद्धता सहितको निवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

(ई) भौतिक निर्माण, सामग्री खरिद जस्ता कार्य गर्नुपर्ने भए सोको लागत अनुमान सहित पेश गर्नुपर्ने।

(उ) अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(ऊ) एकमुष्ठ अनुदान वाहेकका शीर्षकहरुमा कार्य गर्नुपर्ने भए शिक्षा युवा तथा खेलकुद शाखा र सम्वन्धित संस्थाविच द्विपक्षीय सम्झौता गरी सोही अनुरुप कार्य अगाडि वढाउने ।

(ए) उपलव्ध गराइएको अनुदान तथा अन्य सहयोग रकमको कार्य सम्पन्न पश्चात अनिवार्य रुपमा कार्यसम्पन्न प्रतिवेदन शाखामा पेश गर्नुपर्नेछ ।

(ऐ) उपलव्ध गराउने रकम तथा अनुदानलाई नगरशिक्षा समितिको वैठकवाट निर्णय गराई निकासा दिइनेछ ।

(ओ) यस किसिमको कार्यक्रममा सहभागी हुन चाहने विद्यालय तथा क्याम्पसहरुले वार्षिक बजेट तयार गरी व्यवस्थापन समितिवाट स्वीकृत गराउनुपर्नेछ ।

(औ) शैक्षिक संस्था, विद्यालय तथा क्याम्पसहरुलाई नगर शिक्षा समिति, नगर कार्यपालिका तथा वार्षिक योजनामा समावेश गरी अनुदान उपलव्ध गराउन सक्नेछ ।

९. नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका वालगृह लगायतका संस्थाहरु र फरक क्षमता भएका वालवालिकाहरुको शैक्षिक सहयोगको लागि छात्रवृत्ति तथा अन्य सहयोग उपलव्ध गराउन सकिनेछ ।

१०. **कार्यविधि संशोधन:**

यो कार्यविधि संशोधन गर्न आवश्यक देखिएमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ ।

११. **खारेजी र बचाऊ:**

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु प्रचलित कानुनसँग बाजिएको हदसम्म अमान्य हुनेछ । यस कार्यविधिमा उल्लेख भए वमोजिम यो कार्यविधि लागू हुनुभन्दा अघि उपलव्ध गराइएको शैक्षिक सहयोग तथा अनुदान यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

# अनुसूची- १
## (दफा ५(ख) सँग सम्बन्धित )

## नमुना विद्यालय शैक्षिक/गुणस्तर बृद्धि कार्यक्रमका लागि विद्यालय छनौट गर्न प्रदान गरिने अंकभारका आधारमा देहाय वमोजिम हुनेछन् :

| क्र. सं. | मुख्य सूचक | अंक भार | गणनाका लागि आधारहरु | विद्यालयले स्वमूल्याङ्कन गरी पेश गरेको प्राप्ताङ्क | मूल्याङ्कन समितिबाट एकिन गरेको प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | विद्यालले संचालन गर्ने क्रियाकलाप | १७ | i. बालमैत्री र प्रविधिमैत्री वातावरणमा पठनगरपालिकाठन भएको भए -४ अंक<br>● विद्यार्थीको वसाइ व्यवस्थापन उचाइ अनुसारको डेस्क बेञ्चको व्यवस्था भएको भए -१ अंक<br>● विद्यार्थीको उचाइ अनुसार दृश्यावलोकन गर्न र प्रयोगका लागि पहुँचयोग्य हुनेगरी ह्वाइटबोर्डको व्यवस्था गरिएको भए -१ अंक,<br>● विद्यार्थीलाई शारीरिक दण्ड नदिने व्यवस्था पूर्ण रुपमा पालना भएको भए -१ अंक<br>● कम्प्युटरको ल्याबमा गइ बालबालिकाहरुले हप्तामा कम्तिमा २ दुई पटक अभ्यास गर्ने गरेको भए -०.५ अंक<br>● विषयवस्तुको माग अनुसार कम्तिमा हप्तामा एक पटक ICT को प्रयोग गर्ने गरेको र सोको अभिलेख राख्ने गरिएको भए -०.५ अंक<br>ii. भाषामैत्री शैक्षिक क्रियाकलाप भए -५ अंक<br>● समुदायमा बोलिने मातृभाषी विद्यार्थीको पहिचान भएको भए -१.५ अंक<br>● बालबालिकाले बोल्ने मातृभाषामा सिकाइ सहजीकरण गर्न सक्ने मातृभाषी शिक्षक भएको भए १.५ अंक<br>● शिक्षक विद्यार्थीको भाषा व्यवहार आदरसहित भएको भए १ अंक<br>● विद्यार्थी विद्यार्थीको भाषा व्यवहार आदरसहित भएको भए १ अंक<br>iii. विद्यालय वातावरणमैत्री भए ५ अंक<br>● विद्यालय परिसरमा बोट विरुवा भएको र संरक्षणको व्यवस्था मिलाईएको र सदावहार हरियाली अवस्था भएमा १ अंक | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • फूलबारीको व्यवस्था भएको भए १ अंक<br>• फोहोर व्यवस्थापनका लागि कक्षाकोठामा डस्टविन राखिएको र फोहोर डस्टविनमा राख्ने गरिएको भए २ अंक<br>• सङ्कलित फोहोर व्यवस्थापन गर्ने खाल्डो वा अन्य उपयुक्त व्यवस्था भएको भए १ अंक<br>iv. सिर्जनात्मक, अन्वेषणात्मक र सहरअतिरिक्त क्रियाकलापमैत्री भए ३ अंक<br>• विद्यार्थीको सिर्जनात्मक कार्यलाई प्रोत्साहन गरिएको र सोको अभिलेख/प्रदर्शन गरिएको भए १.५ अंक,<br>• विद्यार्थी रुचि पहिचान गरी महिनामा कम्तिमा ३ पटक अतिरिक्त र सह-क्रियाकलाप सञ्चालन गर्ने गरिएको भए १ अंक र सोको अभिलेख राख्ने गरिएको भए थप ०.५ अंक समेत १.५ अंक | | |
| २ | शिक्षक विद्यार्थीको अवस्था | १० | i. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको विद्यालयमा १०० जना भन्दा वढी विद्यार्थी भएमा ५ अंक<br>ii. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको विद्यालयमा १०० जना भन्दा कम विद्यार्थी भएमा २ अंक<br>iii. आधारभूत तह कक्षा १-८ सञ्चालन भएको विद्यालयको कक्षा ६-८ मा ५० जना भन्दा वढी विद्यार्थी भएमा ५ अंक<br>iv. आधारभूत तह कक्षा १-८ सञ्चालन भएको विद्यालयको कक्षा ६-८ मा ५० जना भन्दा कम विद्यार्थी भएमा २ अंक<br>v. माध्यमिक तह कक्षा १-१० सञ्चालन भएको विद्यालयको कक्षा ९-१० मा ५० जना भन्दा वढी विद्यार्थी भएमा ५ अंक<br>vi. माध्यमिक तह कक्षा १-१० सञ्चालन भएको विद्यालयको कक्षा १-१० मा ५० जना भन्दा कम विद्यार्थी भएमा २ अंक<br>vii. (जुन तहको विद्यालय सञ्चालनमा छ सो को उच्च तहको मात्र मुल्याङ्कन गरिनेछ।)<br>viii. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको विद्यालयमा न्युनतम ५ जना स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा ५ अंक<br>ix. आधारभूत तह कक्षा १-५ सञ्चालन भएको विद्यालयमा न्युनतम ५ जना भन्दा कम स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा २ अंक | | |

पनौती नगरपालिका, २०७२

| | | | | | |
|---|---|---|---|---|---|
| | | | x. आधारभूत तह कक्षा १-८ सञ्चालन भएको विद्यालयमा न्युनतम ३ जना नि.मा तहको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा ५ अंक<br>xi. आधारभूत तह कक्षा १-८ सञ्चालन भएको विद्यालये न्युनतम ३ जना भन्दा कम नि.मा तहको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा २ अंक<br>xii. माध्यमिक तह कक्षा १-१० सञ्चालन भएको विद्यालयमा न्युनतम ३ जना माध्यमिक तहको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा ५ अंक<br>xiii. माध्यमिक तह कक्षा १-१० सञ्चालन भएको विद्यालयमा न्युनतम ३ जना भन्दा कम माध्यमिक तहको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक भएमा २ अंक<br>(जुन तहको विद्यालय सञ्चालनमा छ सो को उच्च तहको मात्र मुल्याङ्कन गरिनछ ।) | | |
| ३ | विद्यार्थीको तहगत शैक्षिक उपलव्धी | १० | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले वार्षिक परीक्षामा सम्बन्धित तह कक्षा (कक्षा १-५, १-८, ९-१० मा प्राप्त गरेको विद्यार्थीको अघिल्लो शैक्षिक सत्रको औसत सिकाइ उपलब्धिलाई आधार मानिनेछ ।<br>▪ ८० प्रतिशत र सो भन्दा बढी भए -१० अंक<br>▪ ६० देखि र ८० प्रतिशत भन्दा कम भए -७ अंक<br>▪ ४५ देखि ६० प्रतिशत भन्दा कम भए -५ अंक<br>▪ ३० देखि ४५ प्रतिशत भन्दा कम भए -३ अंक<br>▪ ३० भन्दा कम भए -० अंक<br>*नोटः शैक्षिक उपलब्धि मापन गर्दा जिपिएलाई समेत आधार मानिनेछ ।* | | |
| ४ | विद्यालयको भौतिक अवस्था | १५ | ✓ विद्यार्थीको संख्या अनुसार उपयुक्त फर्निचरको व्यवस्था भए -२ अंक<br>✓ सञ्चालित कक्षा अनुसारको कक्षाकोठा भए -२ अंक<br>✓ विद्यालयमा छात्र छात्राको लागि पानीसहितको छुट्टाछुट्टै शौचालय भए -२ अंक<br>✓ विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था भए -२ अंक<br>✓ विद्यालयमा सबै विद्यार्थी उभिएर प्रार्थना सभा गर्न मिल्ने प्राङ्गण भएमा -२ अंक<br>✓ विद्यालयमा कम्प्युटर ल्याब भएको र साप्ताहिक रुपमा सबै विद्यार्थीले अभ्यास गर्न पाउने व्यवस्था भए -२ अंक<br>✓ विज्ञान प्रयोगशाला भएको र प्रयोग गरिने व्यवस्था मिलाएको भए -१ अंक<br>✓ पुस्तकालय र बुक कर्नरको व्यवस्था भएमा -२ अंक | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विद्यालय को शैक्षणिक योजना निर्माण र विद्यालय समुदाय सम्बन्ध | २५ | ✓ प्र.अ.बाट विद्यालयको शैक्षिक गुणस्तर विकासका लागि १ वर्षे विद्यालय सुधार योजना पेश भएमा -५ अंक<br>✓ ५ वर्षे दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति समेत समावेश भएको समयबद्ध विद्यालय सुधार योजना पेश भएमा -५ अंक<br>✓ दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति समेत समावेश भएको संभावित चुनौती र त्यसलाई अवसरमा बदल्ने स्पष्ट रणनीति समेत संलग्न राखी समयबद्ध रुपमा खण्डीकृत गरिएको दीर्घकालिन योजना (१ वर्षे योजना) पेश भएमा -५ अंक<br>✓ पाठ्यभार अनुसारको दैनिक कार्यतालिका निर्माण गरी लागू गरिएको भए -१ अंक<br>✓ वार्षिक कार्यपात्रो निर्माण गरी प्रकाशन र अभिभावकरविद्यार्थीलाई वितरण गरेको भए -१ अंक<br>✓ वार्षिक कार्यपात्रो अनुसार विद्यालय सञ्चालन गरिएको भए -१ अंक<br>✓ विद्यालय र समुदायसँग समन्वय र सम्बन्धः पालो मिलाई शिक्षकले वर्षमा कम्तिमा एक पटक अभिभावकको घरदैलो कार्यक्रम गरिएको र सोको अभिलेख राखिएको भए -१ अंक<br>✓ वर्षमा कम्तिमा १ पटक अभिभावक भेला गरी विद्यार्थीको प्रगति विवरण वितरण र विद्यालयको विकासका सम्बन्धमा छलफल गर्ने गरेको भए -१ अंक<br>✓ त्रैमासिक रुपमा उपलब्धि परीक्षा सञ्चालन गरी विद्यार्थी र अभिभावलाई नै उत्तरपुस्तिका अध्ययन गर्न उपलव्ध गराउने गरेको भए -५ अंक | | |
| ६ | प्र.अ. तथा वि.व्य.स. को भूमिका | ८ | ✓ प्र.अ.ले कार्य सम्पादनका आधारमा करार सम्फौता गरेको भए -५ अंक<br>✓ वि.व्य.स. र शि.अ.स. को नियमित बैठक बसी शैक्षिक गुणस्तर वृद्धि सम्बन्धि छलफल गर्ने गरेका भए -३ अंक | | |
| ७ | नगर शिक्षा समितिको मुल्याङ्कन | १५ | | | |

# अनुसूचि- २
## नमुना विद्यालय/शैक्षिक गुणस्तर बृद्दि/प्राबिधिक विद्यालय छनौटका लागि दिइने निवेदन

मिति : ................

**श्री पनौती नगरकार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा, पनौती ।**

**विषय : नमुना विद्यालय छनौट सम्वन्धमा ।**

प्रस्तुत विषयमा पनौती नगरपलिका शिक्षा, युवा तथा खेलकुद शाखाको मिति....................मा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र............................देखि ................................विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धि, नमुना तथा प्राविधिक विद्यालय विकास कार्यविधि, २०८० मा तोकिएका न्य"नतम सर्तहरू पुरा गर्ने गरी नमुना विद्यालय/शैक्षिक गुणस्तर बृद्दि/प्राबिधिक विद्यालयको रुपमा छनौट हुन देहाय अनुसारका विवरण सहित निवेदन पेश गरिएको छ ।

**१. विद्यालयको नाम** : .......................................
२. ठेगाना :. पनौती नगरपालिका वडा नं ........फोन नं ....................
इमेल ............................
३ विद्यालयसँग भएको जग्गा ............. रोपनी
४ विद्यार्थी सङ्ख्या (IEMIS अनुसार)
क) पूर्व प्राथमिक कक्षाको विद्यार्थी सङ्ख्या.........................
ख) आधारभूत तह कक्षा १-५ को विद्यार्थी सङ्ख्या ............
ग) आधारभूत तह कक्षा ६-८ को विद्यार्थी संख्या .................
घ) माध्यमिक तह कक्षा ९-१० को विद्यार्थी सङ्ख्या............
ङ) माध्यमिक तह कक्षा ११-१२ को विद्यार्थी सङ्ख्या............

**५ विगत तीन वर्षको नतिजा**

| कक्षा | हालको विद्यार्थी संख्या (विवरण) | शैक्षिक वर्ष........ परीक्षामा | | शैक्षिक वर्ष....... परीक्षामा | | शैक्षिक वर्ष........ परीक्षामा | |
|---|---|---|---|---|---|---|---|
| | | सम्मिलित | उतीर्ण | सम्मिलित | उतीर्ण | सम्मिलित | उतीर्ण |
| १-३ | | | | | | | |
| ४-५ | | | | | | | |
| ६-८ | | | | | | | |
| ९-१० | | | | | | | |
| ११-१२ | | | | | | | |
| जम्मा | | | | | | | |

६. विद्यालय व्यवस्थापन समिति गठन भएको मिति ................
७. लेखा परिक्षण सम्पन्न भएको आ.व................................
८. SIP अद्यावधिक भएको वर्ष .....................
९. दातृ संस्थाको सहयोग भएको भए : भएको वर्ष ..........संस्थाको नाम............. रकम........
१०. शौचालय संख्याः छात्रा................ छात्र.................. अन्य....................
११. कम्पाउण्ड/घेरावार भएको /नभएको .........
१२. पिउने पानीको धारा भए /नभएको ..........भएको भए ट्याङ्की .......धारा..........
१३. वालक्लव गठन मिति ..............
१४. शिक्षक संख्याः क) प्राथमिक ... जना,
दरवन्दी..... राहत ... निजी........ अन्य .....
ख) निम्न माध्यमिक ..... जना,
दरवन्दी ........ राहत....... निजी........ अन्य.......... नगरपालिका .......
ग) माध्यमिक ..... जना,
दरवन्दी ....... राहत.......... निजी........ नगरपालिका स्रोत.......... अन्य...........
घ) उच्च माध्यमिक ....... जना, दरवन्दी ........ राहत..........
निजी........ नगरपालिका स्रोत......... अन्य..........

..............................
प्रधानाध्यापकको दस्तखत
विद्यालयको छाप

**संलग्न गर्नुपर्ने कागजातहरू**

१. विद्यालयको नाममा भएको जग्गा धनी प्रमाणपत्र वा सम्वन्धित निकायले दिएको भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि ।
२. विद्यालय अनुमति/स्वीकृती/सम्बन्धन पत्रको प्रमाणपत्रको प्रतिलिपि ।
३. विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि ।
४.सम्वन्धित वडाको सिफारिस ।
५. विद्यालय व्यस्थापन समिति गठन सम्बन्धी बैठक पुस्तिकाको प्रमाणित प्रतिलिपि ।
६. गत आर्थिक वर्षको लेखापरीक्षण / सामाजिक परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
७. अद्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि ।
८. चालु शैक्षिक सत्रमा भएको शैक्षिक तथ्याङ्कको प्रमाणित प्रतिलिपि ।
९. अभिभावक भेलाका निर्णयहरु ।
१०.अन्य आवश्यक कागजातहरू
११.विद्यालयको विस्तृत कार्यक्रम सहितको प्रस्तावना पत्र :

***पुनश्च :***

१) प्रस्तावनामा शैक्षिक उपलब्धि बृद्दि ,सिकाइ वातावरण विकास, बिद्यार्थी सहायता, शैक्षिक सामग्री व्यवस्थापन,कक्षाकोठा व्यवस्थापन, कक्षाकोठा सुधार, बिषयगत सिकाइ बृद्दिका लागि गरिने कार्य, कमजोर बिद्यार्थीलाई ब्यक्तिगत रुपमा सिकाइ सहयोग पुर्‍याइ समान सिकाइमा पुर्‍याउने कार्य, शिक्षक बिद्यार्थी प्रोत्साहन, परिक्षाबाट गरिने सुधार कार्य,अभिभावक सम्पर्क समन्वय र परिचालन गर्ने कार्य, सिकाइ बृद्दि गर्न थप क्रियाकलापहरु जस्ता शैक्षिक सुधारका कार्यहरु प्रस्ताब गर्नुपर्नेछ ।

२) न्यून बजेटबाट अधिकतम सिकाइ हासिल गर्ने कार्य मात्र यसबाट सम्पादन हुने हुनाले ठूला भौतिक निर्माणसँग सम्बन्धित कार्यहरु यसमा समाबेश हुने छैन ।

पनौती नगरपालिका, २०७३

## अनुसूचि ३
## छात्रवृत्तिका लागि दिइने निवेदन

मिति :-

..................................

श्रीमान् नगर प्रमुखज्यू
पनौती नगरकार्यापालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक ।

**विषय :- छात्रवृत्ति पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा पनौती नगरपालिका वडा नं..........बस्ने श्री .................................... को छोरी/छोरा/श्रीमती म.................................. श्री ............................ विद्यालय/क्याम्पस मा कक्षा ..........मा अध्ययनरत रहेको व्यहोरा अवगत गराउँछु । मेरो आर्थिक अवस्था अन्त्यन्तै कमजोर रहेको र विद्यालय/ क्याम्पसको शिक्षण शुल्क समेत तिर्न नसक्ने अवस्था आएकोले देहायको विवरण सहित ताँहा नगरपालिकावाट छात्रवृत्ति उपलव्ध गराइ शिक्षण सिकाईमा सहयोग पुर्‍याइदिनुहुन अनुरोध गर्दछु ।

**<u>तपसिल</u>**

१) नाम थर :
२) ठेगाना :
३) जन्म मिति :
४) बिबाहित/अबिबाहित :
५) पिता/पतिको नाम,थर :
६) पिता/पतिको पेशा :
७) **स्थायी सम्पति (आफ्नो, पति ,पिता, आमा, सगोलमा रहेका दाजुभाइ र बिबाहित महिलाको हकमा सासु ससुरा समेतको नाममा रहेको) :**

क) घर संख्या : .......... कच्ची ...........पक्की .......
ख) जग्गा जमिन : बारी ...............रोपनी, खेत .............रोपनी
ग) पशु ,चौपाया : भैंसी ............गाई ......... खसी, बाख्रा ............
घ) अन्य :..........

**निवेदकको दस्तखत :**
**नाम थर :**
**संरक्षकको दस्तखत :**
**नाता :**

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१.क्याम्पसमा अध्ययनरत विद्यार्थीको हकमा कक्षा ११-१२ को ट्रान्सक्रिप्ट र नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. कक्षा १-१२ को हकमा हाल अध्ययनरत रहेको कक्षा भन्दा अघिल्लो कक्षाको लव्धांक पत्र ।

३. सम्वन्धित क्याम्पस/ विद्यालयमा भर्ना भई अध्ययनरत रहेको प्रमाणित सहितको सिफारिस ।

४. सम्वन्धित वडाको पारिवारिक, आर्थिक अवस्था खुल्ने गरी सिफारिस ।

५. आमा-बाबु बिहिन वा कुनै एक जना मात्र भएको विद्यार्थीको हकमा मृत्युदर्ता प्रमाणपत्र ।

६. फरक क्षमता /अपांग भए सो खुल्ने प्रमाण, अपांग परिचयपत्र ।

७. अघिल्लो कक्षाको लव्धांक पत्र ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०८१/०२/१३** **राम प्रसाद आचार्य**

**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*